# दुई शब्द



## स्वच्छ, सुन्दर र बिकसित दुहबी भलुवाको निर्माणमा एकजुट हौं ।

स्थानिय साधन र स्रोतहरुको पहिचान गर्ने, संकलन गर्ने र स्थानिय प्रबिधि सिप तथा सहभागितामा अधिकतम उपलब्धी प्राप्ती हुने गरी परिचालन गर्ने स्थानिय निकायको मुख्य अधिकार हो भने आम नागरीक प्रतिको प्रमुख कर्तव्य पनि यहि नै हो । सोहि सन्दर्भमा दुहबी भलुवा नगरपालिकाले संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय एंव अन्य सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त हुने अनुदान तथा यस नगरपालिकाले आफूले संकलन गर्न सक्ने राजश्व तथा नगरपीलिकालाई प्राप्त हुन सक्ने अन्य स्रोतहरुको समेत अनुमान गरी तेस्रो नगर परिषद्‌बाट उत्पादनशिल र छिटो प्रतिफल प्राप्त हुने, नगरवासीहरुलाई प्रत्यक्ष फाइदा पुग्ने, नगरवासीको अधिकतम जनसहभागिता हुने र बढी भन्दा बढी फाईदा पनि स्थानियबासीलाई पुग्ने गरी स्रोतको विनियोजन र वाडँफाँड गर्ने कार्य गरेको छ ।

शिशु अबस्थाबाट भरखरै वामे सर्न लागेको नवगठित यस नगरपालिकाको सिमित स्रोतले नाागरीकहरुबाट अभिव्यक्त भएका असिमित चाहना र आवश्यकताहरुलाई पूर्ण रुपमामा सम्बोधन गर्न त सकेको छैन यद्यपी नागरीहरुका आवश्यकता र प्राथमिकताहरुलाई मध्यनजर राख्दै बढी भन्दा बढी जनआकाक्षंालाई पुरा गर्ने तर्फ यस नगरविकास योजना २०७३/०७४ उन्मुख भने पक्कै पनि रहेको छ। बिकासको दृष्टिकोणले पछाडि परेका भौगोलिक क्षेत्र,जात,जाती र वर्गलाई बढी प्राथमिकता दिनु, नगरपालिकाको आन्तरीक आयलाई वढावा हुने क्रियाकलापहरुलाई प्राथमिकताका साथ समावेश गरिनु, सामाजिक बिकासका क्रियाकलापलाई आर्थिक विकासमा टेवा पुग्ने गरी तादात्म्यता मिलाईनु , आर्थिक र सामाजिकरुपले पछाडि परेका वर्ग र समुदायलाई प्रत्यक्ष लाभ पुर्‍याउने क्रियाकलापहरु समेटिनु साथै यस नगरपालिकालाई बिभिन्न संरचनागत भौतिक पूर्वाधार लगायत व्यबस्थाको दृष्टिकोणबाट सबल, सक्षम र उत्कृष्ट बनाउने तर्फ उन्मुख रहनु यस नगरविकास योजनाका प्रमुख बिशेषताहरु रहेको छन् । यति हुदाहुदै पनि आफैंमा पूर्ण कोहि हुन सक्दैन यस योजनामा पनि केहि कमि कमजोरीहरु रहेका हुन सक्छन यदि त्यस्तो पाईएमा शुभेच्छुकहरुले समयमा नै त्यस्ता कमजोरीहरु औंल्याई दिनु भएमा आगामी नगरविकास योजना तयार गर्नमा मार्गदर्शन हुनेछन ।

आ.व. २०७३/०७४ को बजेट, निति तथा कार्यक्रमको सार्वजानिकिरण कार्यक्रममा आफ्नो अमूल्य समय उपलब्ध गराई दिनु हुने सुनसरी जिल्लाका स्थानिय विकास अधिकारी श्री राम प्रसाद वाग्ले ज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै स्थानिय निकायहरु निर्वाचित प्रतिनिधि विहिन रहेको वर्तमान सन्दर्भमा यो नगरविकास योजना निर्माण गर्ने महत्वपूर्ण कार्यमा मन, वचन र कर्मले सहयोग र मार्गदर्शन गर्नु हुने पूर्व योजना तर्जुमा गोष्ठी, वडा भेला ,नगर स्तरीय विभिन्न बैठकका सहभागीहरु, एकिकृत योजना तर्जुमा गोष्ठीका सहभागि पदाधिकारी ज्यूहरु तथा नगरविकास योजनाका सम्पूर्ण गतिबिधिहरुमा सक्रिय सहभागिता जनाई सहयोग गर्नु हुने यस नगर क्षेत्रमा क्रियाशिल सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, पूर्व प्रतिनिधि, उधोगी, व्यपारी,लक्षित समुहका प्रमुख तथा प्रतिनिधिहरु, वडा नागरीक मंचका पदाधिकारीहरु, शिक्षक, बुद्धिजिबी, समाजसेवीहरु, पत्रकार बन्धु, सुरक्षा निकायका अधिकारीहरु, नगरपालिकाका कर्मचारी लगायत समस्त नगरवासी दिदि बहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै नगरविकास योजना २०७३/०७४ को सफल एवं प्रभावकारी कार्यान्वयनको लागि समझदार मस्तिष्क, जिम्मेबार काँध र ईमान्दार हुदयका साथ सम्पूर्ण सरोकारवाला महानुभावहरुको पूर्ण सहयोगको अपेक्षा राख्दछु । अमूल्य सल्लाह र सुझावका लागि प्रतिक्षारत रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

धन्यवाद !

युवराज ढकाल
प्रमुख एंव कार्यकारी अधिकृत
दुहबी भलुवा नगरपालिका,सुनसरी